# आमचोक गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

बालंखा, भोजपुर

प. सं. : २०८०/०८१

च. नं.: ४६९

मिति :- २०८०/०९/२३

श्री वडा कार्यालयहरु

सबै

आमचोक गाउँपालिका, भोजपुर ।

**विषय : वैदेशिक रोजगारीका लागी व्यक्तिगत तथा पुन: श्रम स्वीकृति सम्बन्धमा ।**

प्रस्तुत विषयमा वैदेशिक रोजगार ऐन, २०६४ तथा वैदेशिक रोजगार नियमावली, २०६४ मा भएको व्यवस्था अनुसार वैदेशिक रोजगारीमा जाने हरेक नेपाली नागरिकले अनिवार्य रुपमा श्रम स्वीकृति लिनुपर्ने व्यवस्था छ । वैदेशिक रोजगार विभागको Foreign Employment Information Management System (FEIMS) मा अनलाइन आवेदन गरी श्रमिकले श्रम स्वीकृति प्राप्त गर्न सक्ने व्यवस्था भएपनि अधिकांश नेपाली श्रमिकले अनलाइन आवेदन अन्य अनधिकृत व्यक्ति वा सेवाप्रदायक संस्था मार्फत गर्दा श्रमिकको सम्पुर्ण विवरण प्रविष्ट नहुने, सोवापत धैरै रकम तिर्न बाध्य हुनुपर्ने र विभिन्न बाहाना बनाई श्रमिकलाई दु:ख हैरानी दिने जस्ता कार्य हुनसक्ने अवस्थालाई मध्यनजर गरी वैदेशिक रोजगारीलाई थप व्यवस्थित, मर्यादित एवं भरपर्दो बनाई वैदेशिक रोजगारीमा जाने श्रमिक तथा कामदारको व्यक्तिगत तथा पुन: श्रम स्वीकृतिको अनलाइन आवेदन कार्य स्थानीय तहमा रहेका रोजगार सेवा केन्द्रमार्फत सेवा प्रदान गर्ने गरी नेपाल सरकार (सम्माननीय प्रधानमन्त्री तथा श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्री) स्तरीय निर्णय भएअनुसार र यस आमचोक गाउँकार्यपालिकाको मिति २०८०/०९/१९ गतेको बैठकको निर्णयानुसार मिति २०८० माघ महिनाबाट व्यक्तिगत तथा पुन: श्रम स्वीकृतिको अनलाइन आवेदन कार्य यस पालिकाको रोजगार सेवा केन्द्र मार्फत शुरु गर्ने निर्णय समेत भएको हुदाँ त्यस वडा कार्यालयभित्रका वडाबासी नागरिकहरुलाई जानकारी हुनेगरी सूचना प्रकाशन गर्नहुन अनुरोध छ । व्यक्तिगत श्रम स्वीकृतिको लागी नियमानुसार लाग्ने शुल्क सम्बन्धी विवरण यसैसाथ संलग्न गरिएको व्यहोरा समेत जानकारी गराईन्छ ।

.............................

(धन कुमार राई)

प्रमुख प्रशासकीय अधिकृत

# आमचोक गाउँपालिका
# रोजगार सेवा केन्द्र
## वालंखा, भोजपुर

## व्यक्तिगत श्रम स्वीकृतिको लागि लाग्ने खर्च

१) म्यादी जीवन बीमा गर्दा लाग्ने रकम

| वर्ष (उमेर) | २.५ वर्षको प्रिमियम (एकमुष्ठ) रू. |
|---|---|
| १८-३५ वर्ष | रू. ३,७०८/- |
| ३६-५० वर्ष | रू. ४,९३१/- |
| ५१-६४ वर्ष | रू. ९,४६३/- |

२) वैदेशिक रोजगार कल्याणकारी कोषमा जम्मा गर्नुपर्ने रकमः-
रु. १,५००/-

३) सामाजिक सुरक्षा कोषमा जम्मा गर्नुपर्ने रकमः- रु. २,३०८/-

पुनश्चः-
म्यादी जीवन बीमा गरेको कागजात सुरक्षित राख्नुहोला । तपाईले बीमा रकम दाबी गर्नु परेमा उक्त कागजात अनिवार्य आवश्यक पर्नेछ ।

कुनै दुर्घटना भएमा तपाईले बैदेशिक रोजगार बोर्डमा नियम बमोजिम पाउने रकमको लागि आवश्यक कागजात सहित निवेदन दिनुहोला ।